# धर्मदेवी नगरपालिका

# विनियोजन ऐन, २०७६

**धर्मदेवी नगरपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन**

**<u>प्रस्तावना:</u>**

धर्मदेवी नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिमधर्मदेवी नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्तनामर प्रारम्भः**

(१) यस ऐनको नाम *धर्मदेवी नगरपालिकाको विनियोजन ऐन, २०७६* रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६।०७७को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः**

(१)आर्थिकवर्ष २०७६।०७७ को निमित्तनगरकार्यपालिका, वडा समिति, विषयगतशाखालेगर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची - १ माउल्लिखितचालू खर्च, पूँजिगतखर्च र बित्तीयव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु................।*(अक्षेरुपी ......................मात्र)मा* नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७६।०७७ को निमित्तधर्मदेवी नगरपालिकोनगर कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमानगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमानबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशतभन्दाबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमानगरसभाको स्वीकृतिलिनु पर्नेछ ।



धर्मदेवी नगरपालिका

**अनुसूची -१**
**(दफा२ सँग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**
**सञ्चितकोषबाट विनियोजन हुने रकम**

*रु. हजारमा*

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | | नगरकार्यपालिका | | | |
| २ | | बिषयगत शाखा ( सशर्त) | | | |
| ३ | | गतको मौज्दात | | | |
| ४ | | आन्तरिक आय | | | |

धर्मदेवी नगरपालिका

-०००-